बैठक संख्या:१४
समय: बिहान ८:०० बजे
मिति:२०८३/०१/११ गते
आ.व.२०८२/०८३

आज मिति २०८३ साल वैशाख महिनाको ११ गते शुक्रबारका दिन यस ढुङ्गेश्वर गाउँपालिकाका अध्यक्ष श्री सुन्दर कुमार के.सी.ज्यूको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक तपसिलका पदाधिकारीहरुको उपस्थितिमा बसी तपसिल बमोजिमका निर्णयहरु गरियो ।

<u>उपस्थिति:</u>

| | |
|---|---|
| श्री सुन्दर कुमार के.सी. | गाउँपालिका अध्यक्ष |
| श्री कलावती न्यौपाने | गाउँपालिका उपाध्यक्ष |
| श्री श्रीसम्सेर रानामगर | प्रमुख प्रशासकीय अधिकृत (सचिव) |
| श्री श्याम बहादुर राना | वडा अध्यक्ष वडा नं. १ |
| श्री यम बहादुर बिष्ट | वडा अध्यक्ष वडा नं. २ |
| श्री कृष्ण बहादुर खत्री | वडा अध्यक्ष वडा नं. ३ |
| श्री नगेन्द्र बहादुर बुढा | वडा अध्यक्ष वडा नं. ४ |
| श्री पर्वलाल शर्मा जैसी | वडा अध्यक्ष वडा नं. ५ |
| श्री मान बहादुर थापा मगर | वडा अध्यक्ष वडा नं. ६ |
| श्री प्रमिला सुनार | कार्यपालिका सदस्य |
| श्री सुन्तली कुमारी बि.क. | कार्यपालिका सदस्य |
| श्री कमला बि.क. | कार्यपालिका सदस्य |
| श्री शान्ती कुमारी बुढा | कार्यपालिका सदस्य |
| श्री चन्द्रा बि.क. | कार्यपालिका सदस्य |
| श्री खिमा कुमारी उपाध्याय | कार्यपालिका सदस्य |

<u>सहयोगी कर्मचारीहरु:</u>

श्री नन्दराज रेग्मी, सूचना प्रविधि अधिकृत
श्री विष्णु प्रसाद शर्मा, लेखा अधिकृत
श्री टिकाराम पोखरेल, कार्यालय सहयोगी

बुढेश्वर गाउँ कार्यपालिकाको
मिति २०८२/१२/१५ को
... ६ औं बैठकको निर्णय
प्रमाणित गर्दछु।

<u>प्रस्तावहरु:-</u>

१. अघिल्लो कार्यपालिकाका निर्णयहरुको समिक्षा सम्वन्धमा।

२. कर्मचारीहरुको म्याद थप सम्वन्धमा।

३. सरकारी सवारी साधन संचालन सम्वन्धी कार्यविधि, २०८३ सम्वन्धमा।

४. कार्यदल गठन सम्वन्धमा।

५. गाउँसभा सचिवालय स्थापना तथा सञ्चालन कार्यविधि, २०८३ सम्वन्धमा।

६. बेरुजु फर्छ्यौट कार्यविधि, २०८३ सम्वन्धमा।

७. लेखा समिति गठन तथा संचालन सम्वन्धी कार्यविधि, २०८३ सम्वन्धमा।

८. खानेपानी बोर्डको गठन सम्वन्धमा।

९. ब्याकहो लोडर अपरेटर र सहयोगीको भत्ता भुक्तानी सम्वन्धमा।

डुङ्गेश्वर गाउँ कार्यपालिकाको
मिति २०८३/१/११ को
१४ औं बैठकको निर्णय
प्रमाणित गर्दछु ।

निर्णयहरु:

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८२/१२/२६ गते बसेका गाउँ कार्यपालिकाको बैठकले गरेका निर्णयहरुको समिक्षा गरियो । सबै निर्णयहरु कार्यान्वयन भएको देखियो ।

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा डुङ्गेश्वर गाउँपालिकाबाट तलब भत्ता खाने म्याद थप हुन बाँकी सबै कर्मचारी, शिक्षक र विद्यालय कर्मचारीहरुको करार सम्झौताको म्याद थप मिति २०८३ असार मसान्त सम्मको लागि थप गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा १ ले दिएको अधिकार प्रयोग गरी यस गाउँपालिकामा बढ्दो सवारी साधन, महँगो इन्धन र मर्मत खर्चलाई मितव्ययी, नियमित र कानून सम्मत ढंगले परिचालन गर्न सरकारी सवारी साधनको उचित, पारदर्शी तथा प्रभावकारी प्रयोग सुनिश्चित गर्नको लागि डुङ्गेश्वर गाउँपालिकाको सरकारी सवारी साधन संचालन सम्बन्धी कार्यविधि, २०८३ सम्बन्धि छलफल गरियो साथै थप अध्ययन गरी आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा डुङ्गेश्वर गाउँपालिकाबाट तलब भत्ता पाउने कर्मचारीहरुको पारिश्रमिकमा एकरुपता कायम गर्नको लागि सुशासन तथा संस्थागत विकास समितिका संयोजकत्वमा तपसिल बमोजिमको अध्ययन कार्यदल समिति गठन गर्ने र उक्त कार्यदलले ३० (तीस) दिन भित्र विस्तृत अध्ययन सहित आम्दानी, खर्च, श्रोत सुनिश्चितता गरी पारिश्रमिकमा एकरुपता कायम गर्न सिफारिस सहितको प्रतिवेदन पेश गर्न लगाउने निर्णय गरियो ।

<u>तपसिल</u>

| | | |
|---|---|---|
| १. | नगेन्द्र बहादुर बुढा, सुशासन तथा संस्थागत विकास समिति | संयोजक |
| २. | बिष्णु प्रसाद शर्मा, आर्थिक प्रशासन शाखा | सदस्य |
| ३. | टेकनाथ गौतम, प्रशासकीय अधिकृत | सदस्य सचिव |



CamScanner